रास्कोट नगरपालिकाको

न्यायिक समितिको

२०८१।०८२ को वार्षिक प्रतिवेदन

# रास्कोट नगरपालिका

## न्यायिक समिति

रास्कोट, कालीकोट

## पृष्ठभूमि

मानव सभ्यता एंव मानव समाजको बिकासक्रसंगै विवादको सिर्जना भएको पाईन्छ । ती विवादहरु कुनै न कुनै प्रकारबाट समाधान पनि भई आएका छन् । विवाद बिनाको समाज गतिशील हुदैन । विवादको प्रकृति समाज बिकास उन्मुख र रचनात्मक हुनुपर्दछ । जुन विवाद समयमा नै गर्न सकिएन भने त्यसले बिनासकारी द्धन्द्ध निम्त्याउन सक्दछ ।

बिश्व ईतिहासमा सबै देश एंव समुदायहरुमा धर्म संस्केति जातजातीहरुले प्राचिनकालदेखि कुनै न कुनै रुपबाट समुदायको संलग्नता र मेलमिलापको प्रयोगबाट विवाद समाधान गरेको पाईन्छ । विवाद बिनाको समाज न पहिले थियो न आज छ न भोली नै हुनेछ । त्यसैले समाजमा शान्ति सुब्यबस्था कायम गरी पारस्परिक सद्भाव कायम राख्न समाजमा उठेका विवाद समाजमा नै समाधान गरिनु पर्छ भन्ने सोच विश्व समुदायमा नौलो होइन ।

नेपाल वहुसाँस्कृतिक, वहुभाषिक र बहुजातिय समाज हो, समाजमा बसेपछि सबै मानिसहरुको धर्म, भाषा संस्कृति, विचार दृष्टिकोण एकै हुन सक्तैन र बहुधर्म, बहुभाषा, वहु-संस्कृति, वहुविचार, बहुदृष्टिकोणले अनेक व्यवहार हुन्छन । त्यसैले घर परिवार र समाजमा उत्पन्न हुने विभिन्न प्रकृतिका विवादहरुलाई समाजमा नै बसेर समाधान गर्नु उत्तम उपाय हो । नेपालको प्राचीनकालदेखि घर परिवार भित्र र विभिन्न जाती, भाषा, धर्म तथा भेकका मानिसहरुको विच विवाद भएमा समाजका लब्धप्रतिष्ठित व्यक्तित्वहरु, पञ्चभलाद्मीहरुले समाजमानै बसेर विवाद समाधान गर्दै आइरहेका छन ।

जुन विवाद समाजमा बसेर समाजकै मानिस वीच छलफल गरेर समाधान गरिदैन त्यो विवादले उग्ररुप लिएर समाज र राष्ट्रमा अशान्ति फैलाइरहेको पाइन्छ । समाजमा सदैव शान्ति कायम गर्ने हो भने परिवार भित्रको र समाजको विवाद घर परिवार भित्र र समाजमा नै बसेर तत्काल समयमा विवादका पक्षहरुलाई सहभागी गराएर मेलमिलाप प्रक्रियाद्वारा छलफल गराएर विवाद सदाको लागि समाधान गर्यो भने समाजमा सधै शान्ती कायम गर्न सकिन्छ र समाजको विकास गर्न सकिन्छ ।

न्यायिक समितिद्वारा यस आ.व.२०८१/०८२ मा भए गरेको कार्य प्रगती तथा सम्पन्न भएका गतिविधिहरु, सम्पन्न गरिएका कार्यक्रमहरु, विवाद दर्ता तथा समाधानको अवस्था, उपलव्धि तथा चुनौती लगायतका कुराहरुलाई समेटेर स्थानिय सरकार सच्चालन ऐन २०७४ को दफा ५३ (२) बमोजिम यो प्रतिवेदन यस सम्मानित सभा समक्ष प्रस्तुत गरिएको छ ।

नेपालको वर्तमान संविधानको धारा २१७ मा कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्ने प्रत्येक नगरपालिकामा नगर उपप्रमुखको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उप प्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ भन्ने व्यवस्था छ । त्यसैगरी स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को १ र २ मा न्यायिक समितिको विवाद निरुपणका लागि न्याय सम्पादन प्रक्रिया सम्बन्धमा उल्लेख छ ।

यसरी माथि उल्लेखित नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन, २०७४ ले तोकिए बमोजिम यस रास्कोट नगरपालिकाको तत्कालिन निर्वाचन प्रस्चात नगर उपप्रमुख **श्री मनिराज बराल**को संयोजकत्वमा **श्री मोहन विर फडेरा** र **श्री सानपुरा दर्जि** सदस्य रहेको तीन सदस्यीय न्यायिक समितिको गठन भएको छ । यस नगरपालिकामा न्यायिक समिति गठन भए देखि नै कानूनले तोकेको अधिकार क्षेत्र र प्रक्रिया भित्र रहेर न्यायिक समितिले विभिन्न विषयमा न्याय निरुपण गर्दै आईरहेको छ ।

## २. न्यायिक समितिको आवश्यकता

संघीय शासन पद्धति अनुसार स्थानीय तहलाई कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकारले सम्पन्न गराउने क्रममा स्थानीय तहमा उत्पन्न देवानी प्रकृतिका सामान्य विवादहरुलाई स्थानीय स्तरमा नै समाधान गर्न वा मिलाउन आवश्यक भएकोले न्यायिक समिति सम्बन्धि व्यवस्थाको राज्यले आवश्यक ठानेको हो ।

## ३. न्यायिक समितिको गठनको प्रमुख उद्धेश्य

स्थानीय स्तरमा उत्पन्न देवानी प्रकृतिको सामान्य वा विवादहरु स्थानीय स्तरमा नै समाधान गरी विवादित दुवै पक्षलाई बढी आत्म सन्तुष्टि दिलाई निजहरुको कानूनी उपचारमा अनावश्यक खर्च कम गराउनु, समयको बचत गराउनु, अनावश्यक दुख झन्झटलाई हटाई समाजमा स्वच्छ र सुमधुर सामाजिक सम्बन्ध कायम राख्नु हो ।

४. रास्कोट  नगरपालिकामा न्यायिक समिति गठन कहिले भयो ?

यस रास्कोट नगरपालिकामा स्थानीय निर्वाचन सम्पन्न भए पछि बसेको दोस्रो नगर सभाले मिति **२०७९/१०/२५** गते न्यायिक समितिको गठन भएको थियो । न्यायिक समितिको संयोजकमा निर्वाचनमा आम जनताले निर्वाचन गरेको नगर उपप्रमुख रहने व्यवस्था छ भने बाँकी अन्य दुई जना सदस्यहरु गाँसभाको सदस्यहरु मध्ये बाट निर्वाचित गर्ने गर्दछ ।

**५.** यस रास्कोट नगरपालिकामा हाल न्यायिक समितिमा को को हुनुहन्छ ?

1. संयोजकः **श्री मनिराज बराल**
2. सदस्यः **श्री मोहनविर फडेरा**
3. सदस्यः **श्री सानपुरा दर्जि**

६) वडामा रहेका न्यायिक समिति र मेलमिलापकर्ताहरुले कसरी काम गर्छन ?

न्यायिक समितिले अधिकार क्षेत्र भित्रका विवादको मेलमिलाप गराउन वा त्यस्तो विवाद समाधान गर्न प्रत्येक वडामा मेलमिलाप केन्द्रको गठन गर्न सक्नेछ (स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४९ को उपदफा १०) । प्रत्येक वडामा रहेका मेलमिलापकर्ताहरु नगरपालिकामा (न्यायिक समितिमा सूचिकृत हुनु पर्दछ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४९ को उपदफा ३) सुचिकृत भएका छन् ।

ती मेलमिलाप कर्ताहरुको सूची वडामा प्रकाशित गर्नुपर्दछ । त्यसरी सूचीकृत मध्ये जुन मेलमिलापकर्ताले विवाद हेर्नको लागि विवादित पक्षले रोज्छ, सोही मेलमिलापकर्ताले उक्त विवाद हेरिदिनु पर्दछ तर मेलमिलापकर्ता विवावका पक्षको नाता भित्रको हुनुहुदैन । त्यस्तो विवाद हेर्न सोही वडामा मेलमिलापकर्ता नभएको खण्डमा न्यायिक समितिले नजिकको वडाको मेलमिलापकर्ताहरुलाई तोक्न सक्दछ । मेलमिलापकर्ताहरुले प्राप्त भएको विवाद कि त मेलमिलाप गराउने वा मेलमिलाप गराउन नसकेमा सोही व्यहोरा खुलाई दर्ता किताबमा लागत कट्टा गरी नगरपालिकामा प्रतिवेदन पेश गर्नु पर्दछ ।

## ७. न्यायिक समितिले विवादका पक्षहरुबिच मेलमिलाप गराउन वा न्याय सम्पादन गर्ने क्रममा प्रयोग गर्न सक्ने सबैभन्दा ठूलो अधिकार

न्यायिक समिति समक्ष निवेदन दर्ता गरी आवश्यक प्रक्रिया अघि बढी रहँदा यदि कुनै पक्षको घर जग्गा जस्ता अचल सम्पत्ति वा बैंक वा अन्य कुनै वित्तिय संस्थामा रहेको खाता रोक्का गर्न आवश्यक छ भन्ने कुरा न्यायिक समितिलाई मनासिब लागेमा सम्बन्धित व्यक्तिको जुनसुकै किसिमको चल अचल सम्पत्ति रोक्का गर्न समितिको निर्णय सहित सम्बन्धित निकायलाई लिखित पत्राचार गर्न सक्नेछ । यसरी रोक्काको लागि पत्राचार भए पछि सम्बन्धित निकायले त्यस्तो चल अचल सम्पत्ति फुकुवाको लागि पुनः न्यायिक समितिबाट पत्र प्राप्त नभए सो कामको लागि रोक्का गरी राख्नु पर्दछ । न्यायिक समितिले यो अधिकारको प्रयोगबाट कुनै पनि व्यक्तिले प्रचलित कानून बमोजिम पाउनु पर्ने सेवा, सुविधा, हक वा अधिकारको सुनिश्चितता गर्न सक्दछ ।

## ८. स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहको न्यायिक अधिकारहरु

न्यायिक समितिलाई २ प्रकारले न्याय निरुपण गर्ने अधिकार प्रदान गरेको छ:

1. विवाद निरुपण गर्ने अधिकार
2. मेलमिलापको माध्यमबाट मात्रै विवादको निरुपण

दफा ४७ अनुसार न्यायिक समितिलाई देहायका विवादको निरुपण गर्ने अधिकार हुनेछ:

- आलीधुर, बाँध पैनी, कूलो वा पानीघाटको बाँडफाँड तथा उपयोग
- अर्काको बाली नोक्सानी गरेको
- चरन, घाँस, दाउरा
- ज्याला मजदुरी नदिएको
- घरपालुवा पशुपंक्षी हराएको वा पाएको
- जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको
- नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान वा शिक्षा दिक्षा नदिएको
- वार्षिक पच्चीस लाख रुपैंयासम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा
- अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको

- आपनो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको
- सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडि बनाएको
- सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, कुलो, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल आदिको उपयोग गर्न नदिएको वा बाधा पुर्‍याएको
- सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेको अन्य विवाद

## ९. न्यायिक समितिलाई देहायका विवादहरुमा मेलमिलापको मध्येबाट मात्र विवादको निरुपण गर्ने अधिकार हुनेछ

- सरकारी वा सार्वजनिक बाहेकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको
- आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको
- पति-पत्नीबीचको सम्बन्ध विच्छेद
- अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट
- गाली बेईज्जती र लुटपीट
- पशुपंक्षी छाडा छाडेको वा लापरवाही गरी अरुलाई असर पारेको
- अरुको आवासमा अनाधिकृत प्रवेश गरेको
- अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको
- ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याकी छिमेकीलाई असर पुर्‍याएको
- प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद

## १०. अधिकार प्रयोगको क्षेत्र

1. संयोजक र अर्को एक सदस्यको उपस्थिति भएमा विवादको कारवाही गर्न सकिनेछ ।
2. संयोजक बाहेक अरु दुई जना सदस्य भएमा विवादको किनारा गर्न बाहेक अरु कारबाही गर्न सकिनेछ ।
3. संयोजकको पद रिक्त भएमा दुई जना सदस्यको सर्वसम्मतिमा किनारा गर्न सकिनेछ ।
4. संयोजक वा सदस्यको निजी सरोकार वा नाताभित्रका व्यक्ति विवादको पक्ष भएमा निजले कारबाही गर्न पाउने छैन ।
5. सबै सदस्यले हेर्न नमिल्ने भएमा सभाले तीन जना सदस्यलाई सो विवादको लागि मात्र तोक्नेछ ।

## ११. न्याय सम्पादनको प्रक्रिया

- निवेदन दर्ता गरी निस्सा उपलब्ध गराउनु पर्छ ।
- सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी सहमतिमा मिलापत्र गराउनु पर्छ ।
- मिलापत्र हुन नसकेमा कानून बमोजिम किनारा गर्नुपर्छ ।

- विवाद प्रतिवादी उपस्थित भएको मितिले तीन महिनाभित्र टुङ्ग्यानुपर्नेछ ।
- निर्णय भएको ३५ दिनभित्र प्रमाणित प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।
- निर्णयमा चित्त नबुझ्ने पक्षले ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**१२.** विवाद समाधान प्रक्रियाका चरणहरु

१. निवेदन, २. दरपिट, ३. निवेदन दर्ता, ४. अन्तरिम आदेश, ५. म्याद तामेली, ६. प्रतिउत्तर, ७. मेलमिलाप प्रयास, ८. मेलमिलापकर्ता समक्ष पठाउने, ९. मिलापत्र प्रमाणित, १०. अदालत पठाउने (दफा ४७-२ को भएमा), ११. न्यायिक समितिबाट निरुपण (दफा ४७-१ को भएमा), १२. पुनरावेदन, १३. कार्यान्वयन ।

**१३.** विवादको अवस्था र तथ्याङ्क

वडास्तरीय मेलमिलाप केन्द्रको अवस्था:

- कुल दर्ता विवादः **२०**
- सहमति (मिलापत्र)ः **१८**
- छलफल हुन बाँकीः २ (नगरपालिकामा सिफारिस गरिएको)

न्यायिक समितिबाट निरुपण भएका विवाद:

- जम्मा दर्ताः **३२**
- सहमतिः **२३**
- छलफलमा रहेकोः **९**

**१४.** मेलमिलापकर्ताहरूको विवरण

रास्कोट नगरपालिका न्यायिक समितिमा आ.व. २०८१/०८२ मा **३० जना** मेलमिलापकर्ताहरु सूचिकृत रहेका छन् ।

**१५. सम्पन्न भएका मुख्य गतिविधिहरु**

- ९ वटै वडामा मेलमिलाप केन्द्र सञ्चालन ।
- न्यायिक समिति तथा जनप्रतिनिधिका लागि अभिमुखीकरण (२०८० चैत्र १०) ।
- मेलमिलापकर्ताका लागि झोला, डायरी वितरण ।
- मुख्यमन्त्रि तथा मन्त्रिपरिष्द कर्णाली प्रदेशबाट तालिम (२०८० माघ महिना) ।
- न्यायिक समितिको हालसम्म **२४ वटा बैठक** सम्पन्न ।

## १६. चुनौती र समस्याहरु

- पक्षहरुलाई उपस्थित गराउन समस्या ।
- मेलमिलापकर्ताहरुमा कानूनी ज्ञानको कमी ।
- अदालत बाहिरको मिलापत्र कार्यान्वयन संयन्त्रको अभाव ।
- पक्षहरु बीच असमान हैसियत हुँदा सन्तुलित परिणाम नआउन सक्ने ।

## १७. सुझावहरु

- ग्रामीण भेगमा मेलमिलाप सम्बन्धी चेतना वृद्धि गर्ने ।
- सहमति कार्यान्वयनका लागि छुट्टै संयन्त्र बनाउने ।
- नियमित अनुगमन र फिडब्याक दिने ।

## १८. सिकाई

- सहजीकरण र छलफलबाट विवाद अध्ययनमा सहजता ।
- शिष्ट र सभ्य व्यवहारको प्रयोगबाट विवाद समाधानमा सहजता ।
- मेलमिलापको सीपबाट छलफल गर्दा दिगो समाधान हुने ।

**निष्कर्षः** न्यायमा सहज पहुँचका लागि न्यायिक समिति एउटा उत्तम विकल्प हो । यसलाई प्रभावकारी बनाउन राज्यले व्यापक प्रचार र क्षमता अभिवृद्धिमा ध्यान दिनुपर्छ ।